## राष्ट्रिय स्वतन्त्र पार्टी

## केन्द्रीय समितिको विस्तारित बैठक

सौराहा, चितवन २०८२ कार्तिक २१-२२

प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि

# उम्मेदवार छनोट रुपरेखा

# (CANDIDATE SELECTION FRAMEWORK)

**विपिन कुमार आचार्य**
सह-महामन्त्री
राष्ट्रिय स्वतन्त्र पार्टी

# प्रस्तावना

राजनीतिक दल सार्वजनिक निगरानी र पहुँचमा रहने संस्था हो । विशिष्ट मूल्य-मान्यता र दार्शनिक आधारको जगमा गठन हुने विचार र सिद्धान्तलाई आत्मसात गर्दै संगठित हुन चाहने जुनसुकै तह र तप्काका नागरिकहरूलाई दल तथा दलका सबै गतिविधिमा आवद्ध हुने वैज्ञानिक, वस्तुपरक, समानतामा आधारित र खुकुलो विधि तय गर्दै विविधतालाई समेट्न हरदम प्रयास गर्नुपर्छ ।

सामान्यतया नेपालमा अहिलेसम्म भएका आन्दोलन, जनविद्रोह तथा सशस्त्र द्वन्द्व (रास्वपाले हिंसात्मक विधिलाई स्वीकार गर्दैन) को आधार हेर्ने हो भने, राज्य सञ्चालनकर्ताको अकर्मण्यता, कुशासन, भ्रष्टाचार, आसेपासे पोस्ने नीति आदिका कारण नागरिकमा उत्पन्न भएको असन्तोष र निराशा नै मुख्य कारण देखिन्छ। यसो हुनुको पछाडि दलहरूमा आन्तरिक लोकतन्त्रको अभाव र दलको शीर्ष नेतृत्वले व्यक्तिगत, पारिवारिक र सानो समूहगत लाभका लागि दलको संरचना तथा दलले प्राप्त गरेको राजनीतिक वैधताको आधारमा बन्ने सरकारसमेत नियन्त्रण गर्ने परिपाटी प्रमुख कारक देखिन्छ ।

यस्तोमा हामीले अपनाएको संसदीय प्रणालीमा, सरकार शुद्धिकरणको मुहान दलको शुद्धिकरण नै हो । दलको नियत र जनमत प्राप्त गर्ने दलको शीर्ष नेतृत्वले विधि तय र सम्मान गर्ने प्रतिबद्धता व्यक्त मात्र गर्न सके पनि, राजनीति धेरै हदसम्म सुधारतर्फ उन्मुख हुन सक्छ ।

राजनीतिक दलमा सबै नागरिकको समान पहुँच र विविधतालाई सुनिश्चित गर्ने विभिन्न खुट्किलामध्ये आम निर्वाचन पनि एउटा महत्वपूर्ण प्रक्रिया हो । निर्वाचनमा विधि हावी हुन्छ कि व्यक्ति हावी हुन्छ? नीति हावी हुन्छ कि नेता हावी हुन्छ? भन्ने प्रश्नको उत्तरले नै दलको चरित्र, लोकतन्त्रप्रतिको प्रतिबद्धता र नागरिकमाझ दलको पहिचान स्थापित हुँदै जान्छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी यस्तो दलको रूपमा आफ्नो जग निर्माण गर्न चाहन्छ जहाँ यसको सिद्धान्त, विचार र आधारभूत मूल्य-मान्यतालाई अनुसरण गर्ने जो-कोही नेपाली नागरिकले निर्वाचनमा सहभागिताको आकांक्षा समान रूपमा यथार्थमा उतार्न सकून् । नेताको घर र चोटीकोठा होइन, जनताको मनमा बस्ने र देश, समाज तथा समुदाय परिवर्तनको मार्गचित्र कोर्नेहरूले निर्वाचन उठ्ने र जित्ने अवस्था निर्माण गर्न राष्ट्रिय स्वतन्त्र पार्टी स्थापना कालदेखि नै प्रतिबद्ध रहँदै आएको छ ।

राज्य सञ्चालनका लागि आवश्यक सबै तहका निर्वाचनमा उम्मेदवार छनोट प्रक्रिया लोकतान्त्रिक, वैज्ञानिक, पारदर्शी, समय-सापेक्ष तथा वस्तुनिष्ठ हुनुपर्छ भन्ने मान्यता यस दलले अङ्गीकार गरेको छ ।

यही मान्यतालाई व्यवहारमा उतार्न राष्ट्रिय स्वतन्त्र पार्टीले नेपालको राजनीतिक इतिहासमा अरू कुनै दलले अभ्यास नगरेका विधिहरू तय गरी, निर्वाचन र उम्मेदवार छनोट प्रक्रियालाई पारदर्शी, जनमुखी र सबै नागरिकले अपनत्व महसुस गर्ने प्रक्रियाको परिकल्पना गरेको छ । यो दल कुनै नेताको लहडबाट होइन, विधिबाट मात्र देश र जनताप्रति प्रतिबद्ध, योग्य र सक्षम उम्मेदवार चयन हुन सक्छ भन्ने विश्वास राख्दछ । यही मान्यतालाई आत्मसात गर्दै यस दस्तावेजमा आगामी प्रतिनिधि सभा निर्वाचनको क्रममा अपनाइने उम्मेदवार छनोट प्रक्रिया विस्तृत रूपमा प्रस्तुत गरिएको छ ।

## दलको विधान, प्रतिबद्धता र उम्मेदवार छनोट रुपरेखा

राष्ट्रिय स्वतन्त्र पार्टीको विधानको भाग १९ अन्तर्गत रहेको लीडरशिप एकेडेमी र उम्मेदवार क्लब तथा भाग २० मा उल्लेख गरिएको प्रारम्भिक निर्वाचन र निर्वाचित जनप्रतिनिधि सम्बन्धी खण्डले बोकेको मर्मलाई आत्मसात गर्दै, पार्टीले आफू सहभागी हुने निर्वाचनका लागि वैज्ञानिक, वस्तुपरक र पारदर्शी भई उम्मेदवार छनोट गर्ने उद्देश्यले लिएर यो दस्तावेज तयार गरेको हो ।

यस उम्मेदवार छनोट विधिको मूल उद्देश्य पार्टीका मूल्य-मान्यता, सिद्धान्त र आदर्शलाई केन्द्रमा राखी, सम्बन्धित निर्वाचन क्षेत्रको जनअपेक्षा र राष्ट्रिय आवश्यकतालाई सम्बोधन गर्न सक्ने नेतृत्वदायी क्षमता भएका उम्मेदवारहरूको पहिचान, छनोट र सिफारिस गर्नु हो । यसबाट पार्टीभित्रको आन्तरिक लोकतन्त्र बलियो बन्ने, निर्वाचनमा पार्टीको प्रतिस्पर्धात्मकता र प्रभावकारिता बढ्ने तथा जनविश्वास अभिवृद्धि हुने अपेक्षा गरिएको छ ।

स्थापनाकालदेखि नै विधान, वाचा-पत्र, प्रस्तावना वा अन्य दस्तावेजमार्फत राष्ट्रिय स्वतन्त्र पार्टीले आफू समाजका सबै तह र तप्काका नागरिकहरूको पहुँचमा रहने लोकतान्त्रिक दल बन्ने सार्वजनिक प्रतिबद्धता जनाउँदै आएको छ । विभिन्न कालखण्डमा भएका आन्दोलनदेखि हालैको जेन जी पुस्ताको विद्रोहसम्मको पृष्ठभूमि हेर्दा, दलमा नागरिकको पहुँच टुट्नु पनि एउटा मुख्य कारणका रूपमा देखिन्छ । ६२-६३ को आन्दोलनमा व्यक्त जनादेश तथा जेन जी आन्दोलनको म्यान्डेटलाई समेत सम्बोधन गर्न सक्ने गरी, लोकतान्त्रिक र उदार मूल्य-मान्यता, पारदर्शिता एवं जवाफदेहिताको बलियो जगमा राष्ट्रिय स्वतन्त्र पार्टी विस्तारित हुनुपर्छ भन्ने मान्यता अनुसार यो विधि तय गरिएको छ ।

नेपाली राजनीतिमा विगतमा सबैभन्दा धेरै दुरुपयोग भएको क्षेत्रमध्ये एक उम्मेदवार चयन हो । उम्मेदवार ढिलो घोषणा हुने, सानो घेरामा बसेर निर्णय हुने, शक्ति-सन्तुलनको नमिठो चलखेल, मसल र मनि को डरलाग्दो प्रभाव आदिका प्रकोपमा, उम्मेदवार छनोटमा सधैँ देश बनाउने होइन, गनाउनेहरू हावी भए। जसका कारण संसद्ले न देशको प्रतिनिधित्व गर्न सक्यो, न त देशलाई सही दिशा दिने मार्गदर्शन । यही परिप्रेक्ष्यमा राष्ट्रिय स्वतन्त्र पार्टीले भिन्न राजनीति चर्का भाषणमा होइन, आन्तरिक सुशासनमा देखिनुपर्छ भन्ने कुरालाई स्थापनाकालदेखि नै अनुसरण गर्दै आएको छ । प्रत्यक्ष र समानुपातिकलाई एक-अर्काका परिपूरकका रूपमा अगाडि बढाउँदै, प्रत्यक्षतर्फ पार्टीले प्रत्येक निर्वाचन क्षेत्रमा स्थानीय रूपमा चिनिने, एजेन्डा बुझेका, संगठनसँग काम गर्न सक्ने र जित्ने सम्भावना भएका सक्षम व्यक्तित्व उभ्याउनुपर्छ। त्यस्तै, समानुपातिकतर्फ दलित, महिला, आदिवासी/जनजाति, मधेसी, थारू, मुस्लिम, खस आर्य, अपाङ्गता भएका व्यक्ति, पिछडिएका क्षेत्र जस्ता संविधान र निर्वाचन आयोगले तोकेका समावेशी समूहहरूको पूर्ण सम्मान गर्दै, सातै प्रदेशको वास्तविक बहुविविधता देखिने सूची तयार गर्नुपर्छ ।

उम्मेदवार छनोटको यो विधि, उन्नत र पारदर्शी लोकतन्त्रका विश्वव्यापी अभ्यासहरू र सहभागितामूलक लोकतन्त्रप्रति रास्वपाको प्रतिबद्धताको जगमा तयार गरिएको छ । लोकतन्त्रप्रतिको प्रतिबद्धता दलभित्रको अभ्यासले समेत देखिन्छ भन्ने हाम्रो विश्वास छ। हामी आफ्नै बनाएको विधिबाट आफैं निर्देशित हुन तयार छौँ ।

हामी यस्तो विधि तय गर्न चाहन्छौँ, जहाँ "किन त्यो नभएर यो उम्मेदवार?" भन्ने नागरिकको प्रश्नको जवाफ विधिको जगमा प्राप्त प्रमाण र दस्तावेजहरूबाटै दिन सकियोस् । एउटा सामूहिक संस्थाका रूपमा कमीकमजोरी देखिएमा सुधारका लागि रचनात्मक सल्लाह तथा सुझाव सबै पक्षबाट आउनेछन् भन्ने दलले विश्वास लिएको छ। अभ्यास गर्ने क्रममा यदाकदा कतिपय कमीकमजोरी रहन सक्छन्; नियत सही राखी भएका गल्तीहरू स्वीकृत गर्दै सुधारको बाटो पहिचान गर्न हामीले कहिल्यै अप्ठेरो मान्नु पर्दैन । हाम्रा लागि मुख्य कुरा—दलको आन्तरिक लोकतन्त्रको सुदृढीकरण, दलप्रति विश्वास राख्ने हरेक नागरिकले दलभित्रको

उम्मेदवारी प्रक्रियामा समान अवसर पाउने सुनिश्चितता, र निर्वाचन प्रक्रियाका सबै चरणमा गरिने सुधारप्रतिको प्रतिबद्धता–दलको लोकतान्त्रिक चरित्रको मर्म र प्रस्थानबिन्दु हो ।

## भाग लिने निर्वाचन प्रणाली

प्रतिनिधि सभासहित राज्यका सबै निकायहरू चुस्त, प्रभावकारी र कम खर्चिलो हुनुपर्छ भन्ने दलको मान्यता रहेको तथ्यलाई रास्वपाले पटक-पटक नेपाली नागरिकसमक्ष राख्दै आएको छ । अहिंसा र विधिको शासनप्रति प्रतिबद्ध राजनीतिक दल भएको र संविधान संशोधन गर्न आवश्यक दुई तिहाई मत नरहँदासम्म हामीले चाहेजस्तो संविधान संशोधन सम्भव नहुने यथार्थ स्वीकार्नुपर्छ । यस परिप्रेक्ष्यमा, दलको अहिलेको नीति भनेकै संविधानको जगमा टेकेर भविष्यमा जनमतको बलमा थप लोकतान्त्रिक र बलियो शासन व्यवस्थाका लागि संविधान संशोधन गर्ने हो ।

तसर्थ, त्यतिन्जेलसम्म प्रतिनिधि सभा सदस्य निर्वाचनमा दलले संविधानले परिभाषित गरेको मिश्रित निर्वाचन प्रणाली अनुसार भाग लिनेछ । यस प्रणाली अन्तर्गत दलले प्रतिनिधि सभाको २७५ सदस्य सङ्ख्याका लागि अपनाइने निर्वाचन प्रणाली अनुसार दुई प्रणालीमार्फत निर्वाचनमा सहभागी हुनेछः

१. **समानुपातिक प्रतिनिधित्व (PR) प्रणालीः ११० उम्मेदवार**
समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र मानी दललाई मत दिइन्छ, र प्रत्येक दलले प्राप्त गरेको कूल मत संख्याको अनुपातमा सो दलका तर्फबाट प्रतिनिधित्व गर्ने उम्मेदवार प्रतिनिधि सभाको सदस्यमा निर्वाचित हुन्छन् ।

२. **पहिलो हुने निर्वाचित हुने (FPTP) प्रणालीः १६५ उम्मेदवार**
पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत "एक निर्वाचन क्षेत्र, एक पद" को आधारमा सबैभन्दा धेरै मत प्राप्त गर्ने उम्मेदवार प्रतिनिधि सभाको सदस्यमा निर्वाचित हुन्छ ।

## उम्मेदवार छनोट प्रक्रियामा सहभागी हुन चाहिने योग्यता

राष्ट्रिय स्वतन्त्र पार्टीले अवलम्बन गर्ने उम्मेदवार छनोट प्रक्रियामा संवैधानिक प्रावधान, प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, दलको विधान लगायतलाई आधार मानी केही योग्यताहरूलाई शर्तका रूपमा राखेको छ ।

१) **प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन बमोजिम**

(क) नेपालको नागरिक,
(ख) मतदाता नामावलीमा नाम समावेश भएको,
(ग) पच्चीस वर्ष उमेर पूरा भएको (उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने मितिसम्म, र समानुपातिक निर्वाचन प्रणालीको हकमा बन्दसूची पेश गर्ने मितिसम्म २५ वर्ष उमेर पूरा गरेको हुनुपर्नेछ),
(घ) कुनै संघीय कानुनले अयोग्य नठहराएको,
(ङ) कुनै लाभको पदमा बहाल नरहेको। ("लाभको पद" भन्नाले निर्वाचन वा मनोनयनद्वारा पूर्ति गरिने राजनीतिक पद बाहेक, सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुविधा पाउने अन्य पद सम्झनुपर्छ)

## २) रास्वपा विधान बमोजिम

प्रचलित कानुन बमोजिम उम्मेदवार हुन आवश्यक योग्यता बाहेक, निम्न योग्यता उम्मेदवार छनोट प्रक्रियामा सहभागी हुन आवश्यक पर्नेछ ।

(क) पार्टीको केन्द्रीय अनुशासन आयोगलाई सम्पत्ति विवरण बुझाएको ।
(ख) प्रहरी रिपोर्ट पेश गरेको ।
(ग) पार्टीले जारी गरेको पार्टीको मूल्य मान्यता प्रस्ट्याउने दस्तावेजहरूप्रति प्रतिबद्ध रहेको ।
(घ) अन्य राजनीतिक पार्टी त्याग गरेको ।

## ३) थप स्वघोषणा/योग्यता

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन र पार्टी विधानमा उल्लेख गरिएका योग्यता बाहेक, निम्न स्वघोषणा तथा योग्यता आवश्यक रहनेछ ।

(क) सार्वजनिक पदको दुरुपयोग नगरेको स्वघोषणा ।
(ख) शैक्षिक प्रमाणपत्रको प्रमाणीकरणसम्बन्धी स्वघोषणा ।
(ग) वैवाहिक अवस्थाको वैध स्पष्टताबारे स्वघोषणा ।
(घ) सार्वजनिक रूपमा प्रमाणित (अनलाइनसहित) घृणात्मक अभिव्यक्ति, दुर्व्यवहार/धम्की, जात -लिंग-आधारित अपमान, वा कमजोर समूहको शोषणजस्ता आचरण नगरेको स्वघोषणा ।
(ङ) आफू वा आफ्ना परिवारका सदस्यहरूले उम्मेदवारीको समयदेखि प्रतिनिधि सभा सदस्यको सम्पूर्ण पदावधिभर एक-अर्काका आधारभूत आवश्यकताहरू स्थिर रूपमा पूरा गर्न सक्ने नियमित र पारदर्शी आम्दानी-स्रोत भएको स्वघोषणा ।

**निर्वाचन ऐन अनुसार उम्मेदवारको अयोग्यता**

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहमा तथा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट अनुदान प्राप्त संस्थामा पारिश्रमिक पाउने गरी बहाल नरहेको,
(ख) निर्वाचन सम्बन्धी प्रचलित कानून बमोजिम सजाय पाइ त्यस्तो सजाय भोगिसकेको मितिले दुई वर्ष भुक्तान नगरेको,
(ग) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री-वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाइ वा कुनै कसूरमा जन्मकैद वा बीस वर्ष वा सोभन्दा बढी कैदको सजाय पाइ त्यस्तो फैसला अन्तिम भएको,
(घ) सङ्गठित अपराध सम्बन्धी कसूरमा कैदको सजाय पाइ वा कर्तव्यज्यान सम्बन्धी कसूरमा बीस वर्षभन्दा कम कैदको सजाय पाइ, त्यस्तो सजाय भुक्तान गरेको मितिले छ वर्ष पूरा नभएको,
(ङ) जातीय भेदभाव तथा छुवाछूत, बोक्सा-बोक्सी वा बहुविवाह सम्बन्धी कसूरमा कैदको सजाय पाइ, त्यस्तो सजाय भुक्तान गरेको मितिले तीन वर्ष पूरा नभएको,
(च) खण्ड (घ) र (ङ) मा उल्लिखित कसूर बाहेक अन्य कसूरमा पाँच वर्ष वा सोभन्दा बढी कैदको सजाय पाइ, त्यस्तो सजाय भुक्तान गरेको मितिले छ वर्ष पूरा नभएको,
(छ) प्रचलित कानून बमोजिम कालोसूचीमा रहेकोमा सो अवधिभर,
(ज) कैदमा बसेकोमा, कैद बसेको अवधिभर,
(झ) मानसिक सन्तुलन ठीक नभएको,
(ञ) विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेका ।

## पुनश्चः

(१) संघीय समानुपातिक निर्वाचन प्रणालीको बन्दसूचीमा परेका व्यक्तिले त्यही निर्वाचन चक्रमा संघीय प्रत्यक्ष निर्वाचन प्रणालीमा भाग लिन पाउने छैनन्। बन्दसूचीमा नाम परेका व्यक्तिले नाम फिर्ता लिएर प्रत्यक्षतर्फ उम्मेदवारी दिने सुविधा पनि उपलब्ध हुने छैन।यद्यपि, संघीय समानुपातिक उम्मेदवार छनोट प्रक्रियामा सहभागी भएर बन्दसूचीमा नपरेका व्यक्तिहरू भने संघीय प्रत्यक्ष उम्मेदवार छनोट प्रक्रियामा सहभागी हुन योग्य रहनेछन् ।

(२) प्रतिनिधि सभा सदस्यका लागि पार्टीको उम्मेदवार छनोट प्रक्रियामा सहभागी भएका व्यक्तिहरू त्यही निर्वाचन चक्रभित्र पर्ने स्थानीय तहका निर्वाचनका उम्मेदवार छनोट प्रक्रियामा सहभागी हुन पाउने छैनन् । संघीय संसदमा जान चाहने व्यक्तिहरू र स्थानीय तहको नेतृत्वमा जान इच्छुक व्यक्तिहरूबीच स्पष्ट भूमिका-निर्धारण आवश्यक छ भन्ने उद्देश्यले यो व्यवस्था गरिएको हो । साथै, एउटै चक्रमा विभिन्न पदहरूको उम्मेदवारी सर्वत्र खोज्ने प्रवृत्तिलाई रोक्न पनि यो नियम प्रभावकारी हुने पार्टीको विश्वास छ ।

(३) उम्मेदवार छनोट प्रक्रियाबाट चयन भई पार्टीको आधिकारिक उम्मेदवारका रूपमा प्रत्यक्ष निर्वाचन प्रणालीमा लगातार दुईपटक प्रतिस्पर्धा गरेर पराजित भएका व्यक्तिले तेस्रो पटक प्रत्यक्षतर्फ उम्मेदवारी दिन पाउने छैनन्। यसमा 'कुलिङ-पिरियड' लागू हुनेछ, जसअनुसार तेस्रो चक्रमा उनले प्रत्यक्ष उम्मेदवार बन्ने मौका पाउने छैनन् । यद्यपि, यो नियमले व्यक्तिलाई चौथो निर्वाचन चक्रको उम्मेदवार छनोट प्रक्रियामा सहभागी हुन रोक्ने छैन। यो व्यवस्था निरन्तर पराजयलाई पुनरावृत्ति हुन नदिई नयाँ नेतृत्व, नयाँ ऊर्जासहितको प्रतिस्पर्धा र परिणामप्रतिको जिम्मेवारीलाई संस्थागत गर्नका लागि गरिएको हो ।

## उम्मेदवार क्लब

प्रतिनिधि सभा सदस्यको निर्वाचनका लागि उम्मेदवार छनोट प्रक्रियामा सहभागी हुन इच्छुक पार्टी सदस्यहरूले उम्मेदवार क्लबमा सहभागी हुनुपर्नेछ । उम्मेदवार क्लबका लागि आवेदन, योग्यता परीक्षण, अभिलेखीकरण आदि व्यवस्था उम्मेदवार छनोट प्रक्रिया र विधान बमोजिम हुनेछ । उम्मेदवार क्लबमा आवेदन दिन अनलाइन र अफलाइन दुवै माध्यम उपलब्ध हुनेछ ।

## उम्मेदवार छनोटका मापदण्ड

उम्मेदवार छनोटका मापदण्ड स्पष्ट र मापनयोग्य हुनेछन् । यी मापदण्डहरूलाई निर्वाचन प्रणालीका आधारमा कारक मूल्याङ्कन विधि (Factor Rating Method) अनुसार भाराङ्क दिइनेछ र प्रत्येक मापदण्डका सूचकहरूमा प्राप्ताङ्कको समष्टिले उम्मेदवार छनोट गरिनेछ । केन्द्रीय समितिले अनुमोदन गरेको विशेष अवस्थामा बाहेक लिडरशिप एकेडेमी, पोलिटिकल प्रोक्सिमिटी, समावेशीता र प्रारम्भिक निर्वाचन मूल मापदण्डका रूपमा अनिवार्य रहनेछन् ।

| क्रम | मुख्य पक्ष |
|---|---|
| १ | लिडरशिप एकेडेमी |
| २ | पोलिटिकल प्रोक्सिमिटी |
| ३ | समावेशीता |
| ४ | प्रारम्भिक निर्वाचन |

## लिडरशिप एकेडेमी

| पक्ष | विवरण | भाराङ्क |
|---|---|---|
| क. राजनीतिक चेत, विचार (Political Aptitude) | • राजनीतिक विश्लेषण र नीति-निर्माणबारे बुझाइ, व्यवहारमा उतार्ने दक्षता<br>• रास्वपाको मूल्य-मान्यता, दर्शन र सिद्धान्तसँग वैचारिक सामीप्यता | २०% |
| ख. सदाचार र नैतिकता (Integrity & Ethics) | • वैचारिक निष्ठा, असल आचरण, निष्कलंक चरित्र | १०% |
| ग. शिक्षा तथा पेशागत अनुभव (Education & Professional Experience) | • औपचारिक शिक्षा तथा पेशागत अनुभव<br>• विशिष्ट तालिम, अनुसन्धान वा प्रकाशन<br>• राजनीति / सामाजिक सेवामा अनुभव | २०% |
| घ. नेतृत्वदायी अनुभव (Leadership Experience) | • नेतृत्वदायी जिम्मेवारी निर्वाह गरेको अनुभव<br>• स्रोत साधन व्यवस्थापन क्षमता<br>• नवप्रवर्तन तथा समस्याको सिर्जनात्मक समाधान<br>• समन्वय, सहकार्य र सहमति निर्माण | २०% |
| ङ. भविष्य-दृष्टि (Vision) | • राष्ट्रिय आवश्यकता र निर्वाचन क्षेत्रको जनअपेक्षालाई सम्बोधन गर्ने दीर्घकालीन योजना (ब्लूप्रिन्ट)<br>• योजनाको व्यावहारिकता, कार्यान्वयन-सम्भावना र नवीनता | ३०% |

## पोलिटिकल प्रोक्सिमिटी

| पक्ष | विवरण | भाराङ्क |
|---|---|---|
| क. पार्टी प्रोक्सिमिटी (Party Proximity) | • पार्टीसँग आबद्धताको अवधि र निरन्तरता<br>• पार्टी निर्माणमा योगदान<br>• कार्यसम्पादन<br>• निर्वाचन क्षेत्रमा सक्रियता तथा नेतृत्व | ५०% |
| ख. सामाजिक-डेमोग्राफिक प्रोक्सिमिटी (Socio-Demographic Proximity) | • स्थानीय मुद्दा र समस्या बुझाइ तथा क्रियाशीलता<br>• निर्वाचन क्षेत्रको भुगोल, जातिय, भाषिक, सांस्कृतिक समूहको प्रतिनिधित्व<br>• स्थानीय समुदायसंग सम्बन्ध, प्रतिष्ठा र विश्वसनीयता<br>• सामाजिक सद्भाव एवं समावेशितामा भूमिका | २५% |
| ग. लोकतान्त्रिक प्रोक्सिमिटी (Democratic Proximity) | • लोकतान्त्रिक आन्दोलन, नागरिक अधिकार, विकास र सुशासनमा भूमिका<br>• लोकतान्त्रिक मूल्य-विधि पालन, स्वस्थ प्रतिस्पर्धा-संवाद | २५% |

## समावेशीता

समानुपातिक निर्वाचन प्रणालीका हकमा समावेशीता जातीय क्लस्टरमा सीमित नराखी, प्रादेशिक संरचना, जनसांख्यिकीय अनुपात, उमेर समूहहरू, लैङ्गिक समानता, अपाङ्गता, पिछडिएका क्षेत्र तथा सामाजिक-आर्थिक पृष्ठभूमि जस्ता बहुआयामीक आधार समेटी यसलाई थप व्यापक, परिष्कृत र वैज्ञानिक बनाइनेछ । यद्यपि समावेशीता समानुपातिक निर्वाचन प्रणाली मात्र होइन पहिलो हुने निर्वाचित हुने प्रणालीको उम्मेदवार छनोटमा पनि  लागू गरिनेछ। महिला र केही जातीय क्लस्टर प्रतिनिधित्व गर्ने र अपाङ्गता भएका व्यक्तिहरूको उम्मेदवारी पहिलो हुने निर्वाचित प्रणालीमा पनि सुनिश्चित गरिनेछ ।

## प्रारम्भिक निर्वाचन

प्रारम्भिक निर्वाचन पार्टीभित्रको एक महत्वपूर्ण लोकतान्त्रिक प्रक्रिया हो, जसको उद्देश्य विभिन्न पदका लागि इच्छुक उम्मेदवारहरूलाई पारदर्शी, प्रतिस्पर्धात्मक र सदस्य-केन्द्रित विधिबाट छनोट गर्नु हो । उम्मेदवार छनोट प्रक्रियामा उपलब्ध १०० प्रतिशत भाराङ्कमध्ये ५० प्रतिशत भाराङ्क प्रारम्भिक निर्वाचनको नतिजाले बोकेको हुन्छ। यसले पार्टीभित्रको आन्तरिक लोकतन्त्रलाई थप सुदृढ बनाउने मात्र होइन, लोकप्रियता, संगठनगत स्वीकार्यता र सदस्यस्तरमै गरिएको प्रतिस्पर्धाका आधारमा उम्मेदवारको वैधता सुनिश्चित गर्दछ।

### निर्वाचन मण्डल

विधानले तोकेअनुसार प्रतिनिधि सभा सदस्य चयन प्रक्रियाअन्तर्गतको प्रारम्भिक निर्वाचनका लागि देहायबमोजिम निर्वाचन मण्डल गठन गरिनेछः

**(क) प्रतिनिधि सभा - समानुपातिक (PR) निर्वाचनः**

पार्टीका सम्पूर्ण सदस्यहरू ।

**(ख) प्रतिनिधि सभा - पहिलो हुने निर्वाचित हुने (FPTP) निर्वाचनः**

सम्बन्धित प्रतिनिधि सभा निर्वाचन क्षेत्रमा मतदाता ठेगाना भएका पार्टीका सदस्यहरू ।

### प्रारम्भिक निर्वाचनसँग सम्बन्धित थप व्यवस्था

**(क) मतदाता सदस्यहरूको अन्तिम नामावली**

विधान बमोजिम गठन हुने निर्वाचन मण्डलका मतदाता सदस्यहरूको अन्तिम नामावली केन्द्रीय निर्वाचन आयोगले तोकेको प्रक्रिया अनुसार तयार गरिनेछ। अन्तिम नामावली प्रारम्भिक निर्वाचन हुने मिति भन्दा कम्तीमा ७ दिनअघि प्रकाशन गरिनु पर्नेछ ।

**(ख) प्रारम्भिक निर्वाचन सञ्चालनका लागि आवश्यक आधारहरू**

१. **न्यूनतम उम्मेदवार संख्या**

प्रारम्भिक निर्वाचन सञ्चालन गर्न प्रारम्भिक उम्मेदवार नामावलीमा कम्तिमा दुई जना उम्मेदवार आवश्यक पर्नेछ ।

२. **निर्वाचन मण्डल गठनको व्यवस्था**

कुनै निर्वाचन क्षेत्रमा प्रारम्भिक निर्वाचन गर्न आवश्यक निर्वाचन मण्डलको संख्या विधानले तोके अनुसार राष्ट्रिय निर्वाचन आयोगले अघिल्लो निर्वाचनमा सार्वजनिक गरेको कुल मतदाता

संख्याको १ प्रतिशत आवश्यक रहनेछ। यदि निर्वाचन मण्डल १ प्रतिशतभन्दा कम रहेमा, सम्बन्धित क्षेत्रको उम्मेदवार छनोट प्रारम्भिक निर्वाचन सहित ( नयाँ निर्वाचन मण्डल तोकेर) वा उम्मेदवार छनोट प्रक्रियाका अन्य पक्षहरूमा मात्र आधारित रहेर केन्द्रीय समिति वा केन्द्रीय समितिले तोकेको निकायले गर्नेछ।

**३. निर्वाचन मण्डलका लागि समय सीमा**

सम्बन्धित निर्वाचन क्षेत्रका लागि प्रारम्भिक उम्मेदवार नामावली सार्वजनिक भएपछि पार्टी सदस्य बनेका व्यक्तिहरू त्यस प्रारम्भिक निर्वाचनमा मतदान गर्न पाउने छैनन्।

**४. प्रारम्भिक निर्वाचन तालिका**

समानुपातिक प्रारम्भिक निर्वाचन र प्रत्यक्ष निर्वाचन एकैपटक वा फरकफरक समयमा गर्न सकिनेछ। समानुपातिक प्रारम्भिक निर्वाचनभित्र क्लस्टर अनुसार अलग-अलग समयमा प्रारम्भिक निर्वाचन गर्न मिल्नेछ ।यसैगरी निर्वाचन क्षेत्र अनुसार फरक-फरक समयमा प्रारम्भिक निर्वाचन गर्न सकिनेछ।

**५. प्रारम्भिक निर्वाचनको व्यवस्थापन**

प्रारम्भिक निर्वाचनको सम्पूर्ण प्रक्रिया केन्द्रीय निर्वाचन आयोगले सञ्चालन गर्नेछ। यसका लागि आवश्यक प्रारम्भिक निर्वाचन नियमावली केन्द्रीय समिति वा केन्द्रीय समितिले तोकेको निकायले तयार गर्नेछ ।

## प्रारम्भिक निर्वाचनमा मतदान गर्ने विधि

डिजिटल लोकतन्त्रलाई स्थापनाकालदेखि नै प्रमुख पक्षका रूपमा लिएको राष्ट्रिय स्वतन्त्र पार्टीले प्रारम्भिक निर्वाचनमा डिजिटल विधिलाई नै प्राथमिक आधारका रूपमा अपनाउनेछ। यद्यपि नेपालका विभिन्न भू-भाग, भौगोलिक जटिलता र डिजिटल पूर्वाधारमा देखिने असमान पहुँचलाई ध्यानमा राख्दै, आवश्यकताअनुसार वैकल्पिक विधि पनि प्रयोग गरेर सबै सदस्यको सम्भव भएसम्म सहभागिता सुनिश्चित गरिनेछ ।

**(क) अनलाइन मतदान (Online Voting - प्राथमिक विधि)**

केन्द्रीय निर्वाचन आयोगले राष्ट्रिय स्वतन्त्र पार्टीको आधिकारिक मोबाइल एपमार्फत अनलाइन मतदान गराउनेछ ।

विगतमा भएका प्राविधिक कमजोरीहरूबाट पाठ सिक्दै यसपटकको प्रारम्भिक निर्वाचनमा मतदानका लागि एप प्रयोगकर्ताले आफ्नो युजर नेम र पासवर्डका साथै अनिवार्य रूपमा OTP (One Time Password) प्रविष्ट गर्नुपर्नेछ ।

अनलाइन मतदान प्रणालीमा हुन सक्ने सम्भावित समस्याहरूको निरूपण गर्नका लागि निर्वाचन आयोगले प्रारम्भिक निर्वाचनको परीक्षण (mock test) आधिकारिक मतदान हुने समय अगाबै गर्नेछ ।

**(ख) वैकल्पिक विधि (Alternative Voting Mechanism)**

यदी कुनै निर्वाचन क्षेत्र वा स्थानमा कुनै कारणले अनलाइन मतदान सम्भव नहुने देखिएमा केन्द्रीय निर्वाचन आयोगले निम्न विधि प्रयोग गरेर पनि प्रारम्भिक निर्वाचन गर्न सक्ने छ ।

१. अफलाइन डिजिटल मतदान (Offline Digital Voting): ट्याब्लेट/कम्प्युटरबाट अफलाइन एपमा मतदान गराइनेछ ।

२. अन्य विधि

बुँदा (ख) मा उल्लेखित विधिहरू आवश्यक रहेको पुष्टि गर्ने आधारसहित निर्वाचन आयोगले पेश गर्ने सिफारिसका आधारमा केन्द्रीय समितिले विधि र स्थान अनुमोदन गर्नेछ ।

## अडिट समिति

प्रारम्भिक निर्वाचन राष्ट्रिय स्वतन्त्र पार्टीको सबैभन्दा प्रमुख आधारस्तम्भमध्ये एक हो। यसको वैधता यसको पारदर्शितामा भर पर्छ। टेक्निकल ग्लिचहरू डिजिटल यात्राको स्वाभाविक प्रक्रिया भए पनि पार्टीले तय गरेको डिजिटल ढाँचामा 'फाउल-प्ले' कसैले पनि गर्नु हुँदैन भन्ने कुरामा पार्टी स्पष्ट छ। यही परिवेशमा प्रारम्भिक निर्वाचनका सम्पूर्ण पक्षहरूलाई तथ्यपरक रूपमा मूल्याङ्कन गर्न अडिट समिति गठन गरिनेछ ।

### १. दायरा

(क) पार्टीले तोकेको विधिअनुसार प्रारम्भिक निर्वाचन भएको/नभएको परीक्षण
(ख) प्राविधिक प्रणाली (अनलाइन/अफलाइन) का बहुआयामिक टेक्निकल पक्षहरूको परीक्षण
(ग) प्रारम्भिक निर्वाचनपछि आउने उजुरी, गुनासो र अनियमिततासम्बन्धी तथ्य संकलन

### २. संरचना

(क) केन्द्रीय समितिले चयन गर्ने अडिट समिति अधिकतम ५-७ सदस्यीय हुनेछ ।
(ख) समितिको नेतृत्व निर्वाचनमा उम्मेदवारी नदिने केन्द्रीय समिति सदस्यले गर्नेछन् । उक्त व्यवस्था सम्भव नभएमा समितिको नेतृत्व कसले गर्ने भन्ने विषय केन्द्रीय समितिले तय गर्नेछ।
(ग) समिति गठन गर्दा केन्द्रीय निर्वाचन आयोगका एकजना प्रतिनिधि अनिवार्य सदस्य रहनेछन् ।
(घ) प्रारम्भिक निर्वाचनका विभिन्न अवयवहरूबारे विषयगत दक्षता समिति सदस्य बन्नका लागि अनिवार्य मानिनेछ ।

### ३. अधिकार र पहुँच

(क) प्रारम्भिक निर्वाचनसँग सम्बन्धित सबै आवश्यक अभिलेख, कागजात, लगहरू, कन्फिगरेसनहरू तथा मतदान केन्द्र/सर्भर/डिभाइस निरीक्षण गर्ने अधिकार
(ख) सम्बन्धित पदाधिकारी, प्राविधिक समूह, पर्यवेक्षक, उम्मेदवार वा तिनका प्रतिनिधिसँग गोपनीयताको ख्याल राखी प्राविधिक सूचना लिन सक्ने अधिकार
(ग) आवश्यकता परेको खण्डमा केन्द्रीय समितिसँग अनुमति लिएर बाह्य प्राविधिक अडिट/डिजिटल फरेन्सिक विशेषज्ञ संलग्न गर्न सक्ने अधिकार

### ४. कार्यविधि

(क) प्रारम्भिक निर्वाचन सुरु हुनु पूर्व अडिट समितिले अडिट कार्ययोजना (ब्गमष्त एबिल) तयार गरी केन्द्रीय समितिबाट स्वीकृत गराई कार्य अघि बढाउनुपर्नेछ।
(ख) अडिट समितिको सम्पूर्ण कार्य सञ्चालन स्वीकृत कार्ययोजना अनुसार हुनेछ।

प्रतिनिधि सभा सदस्य निर्वाचन

# समानुपातिक निर्वाचन प्रणालीका लागि उम्मेदवार छनोट विधि

## मार्गदर्शक सिद्धान्त

पार्टीले समानुपातिक उम्मेदवारको बन्दसूची तयारी गर्दा नेपालको संविधान, लागू कानून तथा निर्वाचन आयोगको दिशानिर्देशलाई पूर्ण सम्मान गर्दै, समावेशी लोकतन्त्र, संघीय सन्तुलन, आचार-नीति, नवोदय नेतृत्व र मापनयोग्य वस्तुपरकतामा अग्रसर गर्ने अतिरिक्त मानकहरू अपनाउनेछ । यसअन्तर्गत निम्न सिद्धान्तहरू लागू हुनेछन्:

### (१) संघीय सन्तुलन र क्षेत्रगत न्याय

(क) सबै ७ प्रदेशबाट यथोचित र सन्तुलित प्रतिनिधित्व सुनिश्चित गरिनेछ। प्राथमिक आधार प्रदेशको क्लस्टरीय जनसंख्या हिस्सा र पार्टीको मतदाता हिस्सा रहनेछ ।

(ख) बन्दसूचीमा प्रत्येक प्रदेशको न्यूनतम प्रतिनिधित्वको “तल्लो सीमा” निर्धारण गरिने छ ।

### (२) परिष्कृत समावेशीता

संविधान/निर्वाचन आयोगले परिभाषित क्लस्टर/समुदाय (जस्तै महिला, दलित, जनजाति/आदिवासी, मधेसी, थारु, मुस्लिम, अपाङ्गता भएका व्यक्ति, पिछडिएको क्षेत्रभित्रका विशेष स्थान र सुविधा दिनुपर्ने उपसमूहहरूलाई) मूलधारमा ल्याउने गरी छनोट विधि निर्माण गरिनेछ ।

### (३) युवा नेतृत्वको उदयन

(क) जेन-जेड स्पिरिटलाई राजनीतिको मूलधारमा ल्याउने उद्देश्यले समानुपातिक बन्दसूचीमा युवाको अनिवार्य प्रतिनिधित्व सुनिश्चित गरिनेछ ।

(ख) यस्तो सुनिश्चिततामा प्रदेशगत सन्तुलन राखिनेछ ।

### (४) प्रवास (डायस्पोरा) - ‘रिटर्न पाथवे’

विदेशमा सीप/अनुभव आर्जन गरेका नेपाली नागरिकका लागि स्पष्ट, पारदर्शी प्रवेश-मार्ग स्थापना गरिनेछ र बन्दसूचीको समग्र सन्तुलन रक्षा हुने गरी अनिवार्य प्रतिनिधित्व सुनिश्चित गरिनेछ ।

### (५) एकपटक मात्र समानुपातिक

राष्ट्रिय स्वतन्त्र पार्टीले समानुपातिक प्रतिनिधित्व प्रणालीको मूल मर्म – अवसरको पुन:वितरण (redistribution of opportunity) लाई सुरक्षित गर्न एउटा व्यक्तिलाई एकपटक मात्र समानुपातिक प्रणालीबाट प्रतिनिधि सभा सदस्य बनाउने नीति अङ्गीकार गर्नेछ । यसले अवसरलाई बारम्बार केही व्यक्तिमा सीमित हुन नदिई नयाँ नेतृत्व, नयाँ पुस्ता र विविध समुदायलाई संसदमा प्रवेश गर्ने मार्ग खुला बनाउने विश्वास हामीले लिएका छौं ।

## उम्मेदवारको बन्दसूचीका लागि क्लस्टरका आधारमा समावेशी आधार (प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन अनुसार)

**(क) खस आर्य:** ३१.२%

**(ख) आदिवासी जनजाति:** २८.७%

**(ग) मधेशी:** १५.३%

**(घ) दलित:** १३.८%

**(ङ) थारु:** ६.६%

**(च) मुस्लिम:** ४.४%

### जातीय क्लस्टर अनुसार समानुपातिक बन्दसूची खाका
### (प्रतिनिधिसभा सदस्य ऐन बमोजिम)

| मनोनयन गर्ने उम्मेदवारको सङ्ख्या | खस आर्य (३१.२%) | आदिवासी जनजाति (२८.७%) | मधेशी (१५.३%) | दलित (१३.८%) | थारु (६.६%) | मुस्लिम (४.४%) | महिला कम्तीमा ५०% (उम्मेदवारको बन्दसूचीमा नाम समावेश गर्ने प्रयोजनका लागि मात्रा) | पिछडिएको क्षेत्र (कम्तीमा ४.३%) |
|---|---|---|---|---|---|---|---|---|
| ११० | ३४ | ३२ | १७ | १५ | ७ | ५ | ५७ | ५ |

## नयाँ बन्दसूची निर्माण गर्न विधिले लिएका थप समावेशी आधारहरू

### (क) शुद्ध जनसंख्या अनुपातका आधारमा ११० सिटको प्रादेशिक बाँडफाँड

| प्रदेश | २०७८ को जनगणनाका आधारमा | प्रतिशतमा जनसंख्या | समानुपातिक उम्मेदवार |
|---|---|---|---|
| कोशी | ४,९७२,०२१ | १७.०५ | १९ |
| मधेश | ६,१२६,२८८ | २१.०१ | २३ |
| बागमती | ६,०८४,०४२ | २०.८६ | २३ |
| गण्डकी | २,४७९,७४५ | ८.५० | ९ |
| लुम्बिनी | ५,१२४,२२५ | १७.५७ | १९ |
| कर्णाली | १,६९४,८८९ | ५.८१ | ६ |
| सूदुरपश्चिम | २,७११,२७० | ९.२९ | ११ |
| **नेपाल** | **२९,१६४,५७८** | **१००.००** | **११०** |

### (ख) ६ क्लस्टरको जनसांख्यिक प्रादेशिक अनुपातका आधारमा ११० सिटको प्रादेशिक बाँडफाँड

| प्रदेश | खस आर्य % | आदिवासी जनजाति % | मधेशी % | दलित % | थारु % | मुस्लिम % | जम्मा % |
|---|---|---|---|---|---|---|---|
| कोशी | २८ | ४४ | ९ | १० | ४ | ५ | १०० |
| मधेश | ५ | ३ | ५९ | १५ | ५ | १३ | १०० |
| बागमती | ३६ | ४६ | ६ | ६ | १ | ५ | १०० |
| गण्डकी | ३५ | ३८ | ५ | १८ | १ | ३ | १०० |
| लुम्बिनी | २९ | १८ | १९ | १२ | १४ | ८ | १०० |
| कर्णाली | ६२ | १३ | १ | २३ | 🔔* | १ | १०० |
| सूदुरपश्चिम | ५९ | ५ | ५ | १४ | १५ | २ | १०० |

| प्रदेश | खस आर्य | आदिवासी जनजाति | मधेशी | दलित | थारु | मुस्लिम | महिला कम्तीमा ५०% | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| कोशी | ५ | ९ | १ | २ | १ | १ | १० | १९ |
| मधेश | १ | २ | १२ | ५ | १ | २ | १२ | २३ |
| बागमती | ९ | ११ | १ | १ | 🔔* | १ | १२ | २३ |
| गण्डकी | ३ | ४ | 🔔* | २ | 🔔* | 🔔* | ५ | ९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| लुम्बिनी | ६ | ३ | ३ | ३ | ३ | १ | १० | १९ |
| कर्णाली | ४ | १ | 🔔* | १ | 🔔* | 🔔* | ३ | ६ |
| सूदुरपश्चिम | ६ | २ | 🔔* | १ | २ | 🔔* | ५ | ११ |
| **नेपाल** | **३४** | **३२** | **१७** | **१५** | **७** | **५** | **५७** | **११०** |

**(ग) प्रतिनिधि सभा २०७९ (समानुपातिक) मा राष्ट्रिय स्वतन्त्र पार्टी ले प्राप्त मतका आधारमा प्रादेशिक बाँडफाँड**

| प्रदेश | २०७९ को समानुपातिक मतका आधारमा | प्रतिशतमा मत | समानुपातिक उम्मेदवार |
|---|---|---|---|
| कोशी | २१४,८१० | १९.०० | २१ |
| मधेश | ७२,९३५ | ६.४५ | ७ |
| बागमती | ३८०,२५२ | ३३.६२ | ३७ |
| गण्डकी | १७७,०२५ | १५.६६ | १७ |
| लुम्बिनी | २२०,१३९ | १९.४७ | २२ |
| कर्णाली | २०,१६७ | १.७८ | २ |
| सूदुरपश्चिम | ४५,०१६ | ३.९८ | ४ |
| **नेपाल** | **१,१३०,३४४** | **१००.००** | **११०** |

**जातीय क्लस्टर, जनसांख्यिक र क्लस्टरमा आधारित प्रादेशिक प्रतिनिधित्व र पार्टीले प्राप्त गरेको समानुपातिक मतमा आधारित रहेर तयार गरिएको बन्दसूची खाका**

| प्रदेश | खस आर्य | आदिवासी जनजाति | मधेशी | दलित | थारु | मुस्लिम | महिला कम्तीमा ५०% | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| कोशी | ६ | ९ | २ | २ | १ | 🔔* | १० | २० |
| मधेश | १ | 🔔* | ८ | ३ | १ | २ | ९ | १५ |
| बागमती | १० | १३ | २ | ३ | १ | १ | १५ | ३० |
| गण्डकी | ५ | ५ | १ | २ | 🔔* | 🔔* | ७ | १३ |
| लुम्बिनी | ६ | ३ | ४ | ३ | ३ | २ | १० | २१ |
| कर्णाली | २ | १ | 🔔* | १ | 🔔* | 🔔* | २ | ४ |
| सूदुरपश्चिम | ४ | १ | 🔔* | १ | १ | 🔔* | ४ | ७ |
| **नेपाल** | **३४** | **३२** | **१७** | **१५** | **७** | **५** | **५७** | **११०** |

**🔔* - सम्बन्धित प्रदेशमा यी क्लस्टरको जनसंख्या जे भएपनि आवेदन दिनका लागि कुनै बाधा पर्ने छैन ।**

## बन्दसूचीमा समावेशी प्रतिनिधित्वका थप अनिवार्य र पार्टी-नीतिगत प्रावधान

### १. कानुनले तोकेका अनिवार्य प्रावधान (प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन अनुसार)

**(क) पिछडिएको क्षेत्रको अनिवार्य प्रतिनिधित्व**
निर्वाचन ऐनले परिभाषित गरेअनुसार बन्दसूचीमा कम्तीमा ४.३% उम्मेदवार पिछडिएको क्षेत्रबाट हुनेछन् । पिछडिएको क्षेत्र भन्नाले अछाम, कालिकोट,जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु, हुम्ला भन्ने बुझ्नुपर्छ ।

**(ख) अपाङ्गता भएका व्यक्तिको अनिवार्य प्रतिनिधित्व**
निर्वाचन ऐनले तोकेअनुसार बन्दसूचीमा अपाङ्गता भएका नागरिकको प्रतिनिधित्व सुनिश्चित गरिनेछ

राष्ट्रिय स्वतन्त्र पार्टीले यी दुई बुँदाहरू कानुनी दायित्व (Mandatory Compliance) को रूपमा नबुझी उक्त क्षेत्र र पक्षको अधिकारको रुपमा बुझेको छ ।

### २. पार्टीले अपनाएको थप नीतिगत अनिवार्यता

**(ग) युवा प्रतिनिधित्व - राजनीतिक नेतृत्वको पुस्तान्तरण**
पार्टीले समानुपातिक बन्दसूचीमा कम्तीमा २७% युवा (२५-४० वर्ष) को अनिवार्य प्रतिनिधित्व सुनिश्चित गर्नेछ । पार्टीको समानुपातिक बन्दसूचीमा २७ प्रतिशत युवा सुनिश्चितताका लागि २०७८ को जनगणनालाई आधार बनाइएको छ जसअनुसार २५ देखि ४० वर्षको युवा पुस्ताले देशको २७ देखि २८% जनसंख्या ओगटेको छ ।

**(घ) प्रवास (डायस्पोरा) रिटर्न पाथवे** को पार्टीको मर्मलाई आत्मसात गर्दै देशका लागि सीप, ज्ञान र अन्तर्राष्ट्रिय एक्स्पोजर लिएर फर्किन इच्छुक नागरिकलाई राजनीतिक रुपमा औपचारिक प्रवेश-ढोका खोल्ने उद्देश्यले बन्दसूचीमा कम्तीमा १० प्रतिशत प्रतिनिधित्व सुनिश्चित गरिनेछ ।

**(ङ)** समानुपातिक उम्मेदवारको बन्दसूची पठाउँदा हरेक प्रदेशको प्रतिनिधित्वलाई सुनिश्चित गरिनेछ।

## समानुपातिक निर्वाचन प्रणालीको उम्मेदवार छनोटका लागि कारक मूल्याङ्कन विधिका मुख्य पक्ष र भाराङ्क

| क्रम | मुख्य पक्ष | भाराङ्क |
|---|---|---|
| १ | लिडरशिप एकेडेमीको | २५% |
| २ | पोलिटिकल प्रोक्सिमिटी | २५% |
| ३ | प्रारम्भिक निर्वाचन (सम्पुर्ण पार्टी सदस्यहरू मतदाता) | ५०% |
| | **कुल** | १००% |

# समानुपातिक उम्मेदवार छनोटका लागि लिडरशिप एकेडेमी र पोलिटिकल प्रोक्सिमिटी मापन

## १. उपसमितिहरू गठन

लिडरशिप एकेडेमी र पोलिटिकल प्रोक्सिमिटीको मापन गर्न आवश्यकता अनुसार एक वा एकभन्दा बढी उपसमितिहरू गठन गरिनेछन् । यी विभिन्न उपसमितिहरू उम्मेदवार छनोट प्रक्रियाको समग्र नेतृत्व गर्ने मूल समिति अन्तर्गत रहेर काम गर्नेछन् । मूल समिति अन्तर्गत रहेका यी उपसमितिहरूले उम्मेदवार छनोट प्रक्रियाभित्र नै रहेर उम्मेदवारको तथ्यपरक, प्रमाणमा आधारित र मापनयोग्य मूल्याङ्कन गर्नेछन् ।

## २. उपसमितिको संरचना

समावेशी लोकतन्त्र, समान अवसर र संविधानले परिभाषित विविधताको पूर्ण प्रतिबिम्बका लागि उपसमितिमा निम्न प्रतिनिधित्व सुनिश्चित गरिनेछ ।

(क) संवैधानिक रूपमा परिभाषित ६ क्लस्टरबाट प्रतिनिधित्व

(ख) महिला र युवा प्रतिनिधित्व

(ग) सातै प्रदेशबाट सन्तुलित प्रतिनिधित्व

**प्रतिनिधि सभा सदस्य निर्वाचन**

# “पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली” का लागि

# उम्मेदवार छनोट विधि

## मार्गदर्शक सिद्धान्त

नेपालको संघीय लोकतान्त्रिक व्यवस्थाले प्रतिनिधि सभा सदस्यको निर्वाचनमा पहिलो हुने निर्वाचित हुने (FPTP) प्रणालीलाई प्रत्यक्ष जनप्रतिनिधित्वको मुख्य आधारका रूपमा स्वीकार गरेको छ । यस प्रणालीअन्तर्गत एक निर्वाचन क्षेत्रबाट सर्वाधिक मत पाउने उम्मेदवार विजयी हुने भएकाले उम्मेदवारको व्यक्तिगत विश्वसनीयता, स्थानीय समुदायसँगको निकटता, निरन्तर उपस्थिति र समस्या-समाधानमा देखिएको सक्रियता धेरैजसो निर्णायक बन्छ । नेपालको विविध सामाजिक-सांस्कृतिक संरचना, भू-भौगोलिक कठिनाइ र क्षेत्रगत मुद्दाका कारण पहिलो हुने निर्वाचित हुने प्रणाली प्रतिस्पर्धात्मक, अत्यन्त स्थानीयतामुखी र व्यक्ति-प्रधान प्रकृतिको हुन्छ, जसले उम्मेदवारलाई "कोसँग प्रत्यक्ष उत्तरदायी?" भन्ने प्रश्नमा स्थायी अभ्यास र आचरणबाट जवाफ दिन बाध्य बनाउँछ ।

यसै परिप्रेक्ष्यमा, पार्टीका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको उम्मेदवार चयनका मार्गदर्शक सिद्धान्तहरूमा उम्मेदवारको समुदायसँगको निकटता, उच्च आचार-नीति, आर्थिक पारदर्शिता, संगठनात्मक नेतृत्व र अभियान व्यवस्थापन क्षमता आदि पर्छन् । यो प्रणालीका लागि योग्य उम्मेदवार भनेको क्षमता, चरित्र, समुदायको विश्वास र संगठनात्मक नेतृत्वको सन्तुलित योगफल हो । छनोट विधिको यो मार्गदर्शक सिद्धान्तले पार्टीको नीति र दृष्टिलाई स्थानीय अपेक्षासँग जोड्दै निर्वाचन क्षेत्रको आवाजलाई राष्ट्रिय संसदमा प्रभावकारी रूपमा उठाउन सक्षम प्रतिनिधि पहिचान गर्छ, र चुनावपछिको उत्तरदायित्व-केन्द्रित राजनीतिक संस्कृतिलाई संस्थागत बनाउँछ भन्ने विश्वास राष्ट्रिय स्वतन्त्र पार्टीले लिएको छ ।

## पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको उम्मेदवार छनोटका लागि कारक मूल्याङ्कन विधिका मुख्य पक्ष र भाराङ्क

| क्रम | मुख्य पक्ष | भाराङ्क |
|---|---|---|
| १ | लिडरशिप एकेडेमीको नतिजा | २५% |
| २ | पोलिटिकल प्रोक्सिमिटी | २०% |
| ३ | समावेशीता | ५% |
| ४ | प्रारम्भिक निर्वाचन (निर्वाचन क्षेत्रका पार्टी सदस्यहरू मतदाता) | ५०% |
| | **कुल** | **१००%** |

## पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि समावेशीता मापनको खाका

समानुपातिक निर्वाचन प्रणालीमा जस्तै, पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि उम्मेदवार छनोट केवल लोकप्रियता, पहुँच वा चुनाव जित्ने सम्भावनामा मात्र आधारित हुने छैन । पार्टीले लोकतान्त्रिक मूल्य, सामाजिक न्याय र संविधानले परिकल्पना गरेको विविधता र समावेशी प्रतिनिधित्वलाई व्यवहारमा उतार्न उम्मेदवार छनोटमा पनि समावेशीतालाई मापनयोग्य मानक का रूपमा समावेश गरेको छ ।

यस मापदण्ड अन्तर्गत प्रत्येक उम्मेदवारले अधिकतम ५% समावेशीता स्कोर प्राप्त गर्न सक्नेछ । यसले दललाई चुनाव जित्ने नेतृत्व मात्र होइन, संविधानले परिकल्पना गरेको समान प्रतिनिधित्वको भावना व्यवहारमा लागू गरिएको नेतृत्व पहिचान गर्न सहयोग गर्नेछ भन्ने विश्वास यो छनोट प्रक्रियाले लिएको छ ।

**१) प्रतिनिधित्व** (Base Level: **२%**)

उम्मेदवार कुनै एक जातीय क्लस्टर (खस आर्य पुरुष बाहेक) बाट वा अपाङ्गता भएका व्यक्ति, वा पिछडिएको क्षेत्रबाट भएमा समावेशीतामा पाउने अधिकतम २% ।

**२) अन्तर-सम्बन्धित क्लस्टर** (Intersecting Cluster**: ३-४%**)

उम्मेदवार दुई ओभरल्याप हुने समूहको प्रतिनिधित्व गर्ने हकमा -
उदाहरण: महिला + दलित, महिला + मधेसी, अपाङ्गता + थारु
३%: महिला नभएका हकमा
४%: महिला भएका हकमा

**३) अन्तर-सम्बन्धित संवेदनशीलता** (Intersecting Vulnerability**: ५%**)

उम्मेदवार तीन वा बढी समूह वा क्षेत्रको प्रतिनिधित्व गर्ने हकमा -
उदाहरण: दलित + महिला + अपाङ्गता

## प्रत्यक्ष उम्मेदवार छनोटका लागि लिडरशिप एकेडेमी र पोलिटिकल प्रोक्सिमिटी मापन

### १. उपसमितिहरू गठन

लिडरशिप एकेडेमी र पोलिटिकल प्रोक्सिमिटीको मापन गर्न आवश्यकता अनुसार एक वा एकभन्दा बढी उपसमितिहरू गठन गरिनेछन् । यी विभिन्न उपसमितिहरू उम्मेदवार छनोट प्रक्रियाको समग्र नेतृत्व गर्ने मूल समिति अन्तर्गत रहेर काम गर्नेछन् । मूल समिति अन्तर्गत रहेका यी उपसमितिहरूले उम्मेदवार छनोट प्रक्रियाभित्र नै रहेर उम्मेदवारको तथ्यपरक, प्रमाणमा आधारित र मापनयोग्य मूल्याङ्कन गर्नेछन् ।

### २. उपसमितिको संरचना

उपसमिति गठन गर्दा सम्बन्धित निर्वाचन क्षेत्र समिति, पालिका समिति, जिल्ला समिति र प्रदेश समितिबाट अनिवार्य प्रतिनिधित्व सुनिश्चित गरिनेछ। प्रतिनिधित्व औपचारिक उपस्थितिमा मात्र सीमित नरही निर्णय-प्रक्रियामा अर्थपूर्ण सहभागिता हुने गरी व्यवस्थापन गरिनेछ, र समावेशीता/लैङ्गिक सन्तुलनलाई प्राथमिकता दिइनेछ ।

**NOTA**

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको प्रारम्भिक निर्वाचनमा "NOTA (None Of The Above)" विकल्प लागू गरिनेछ । यसले मतदातालाई कुनै पनि उम्मेदवार मन नपरेको अवस्थामा कसैलाई पनि मतदान नगर्ने अधिकार सुनिश्चित गर्नेछ । यदि "NOTA" विकल्पले सबैभन्दा बढी मत पायो भने, अन्य सबै उम्मेदवारहरूको उम्मेदवारी स्वतः खारेज हुनेछ र त्यस क्षेत्रका लागि नयाँ उम्मेदवारहरूको छनोट गरी पुनः मतदान गरिनेछ ।

# राष्ट्रिय स्वतन्त्र पार्टी

## उम्मेदवार छनोट टाइमलाइन

- उम्मेदवारी आह्वान र दर्ता
- प्रारम्भिक उम्मेदवारको नामावली प्रकाशन
- प्रारम्भिक उम्मेदवारी उपर दाबी विरोध
- उम्मेदवारसँग छलफल
- अन्तिम उम्मेदवार नामावली प्रकाशन
- लिडरशिप एकेडेमी, पोलिटिकल प्रोक्सिमिटी र समावेशिताको मापन
- प्रारम्भिक निर्वाचन
- नतिजा प्रकाशन

## १) उम्मेदवारी आह्वान र दर्ता

यो उम्मेदवार छनोट टाइमलाइनको पहिलो चरण हो । यस चरणमा पार्टीले आधिकारिक रूपमा पहिले समानुपातिक निर्वाचन प्रणालीका लागि र त्यसपछि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि उम्मेदवारी आह्वान गर्छ । इच्छुक उम्मेदवारहरूले पार्टीको मोबाइल एपमार्फत आवश्यक प्रक्रिया पूरा गरी आफ्नो उम्मेदवारी दर्ता गराउन सक्नेछन् । यस चरणको उद्देश्य उम्मेदवार क्लब तयार गरी प्रारम्भिक रूपमा योग्य उम्मेदवारहरूको तथ्यांक एकत्रित गर्नु हो ।

## २) प्रारम्भिक उम्मेदवार नामावली प्रकाशन

दर्ता प्रक्रियामा प्राप्त कागजात र जानकारीको प्रारम्भिक परीक्षणपछि, मापदण्ड पूरा गरेका उम्मेदवारहरूको नामावली यस चरणमा सार्वजनिक गरिन्छ ।

## ३) दाबी-विरोध

नामावली सार्वजनिक भएपछि, उम्मेदवारप्रति कसैले दाबी-विरोध भएमा सम्बन्धित दाबी-विरोधलाई पुष्टि गर्ने तथ्य र प्रमाण सहित कुनै पनि व्यक्तिले पार्टीमा निवेदन दिन सक्नेछन् र पार्टीको आधिकारिक निकायले ती दाबी विरोध को अनुसन्धान गर्नेछ ।

## ४) उम्मेदवारसँग छलफल र उम्मेदवारहरू बीच छलफल

दाबी-विरोधपछि अगाडि बढ्न योग्य आकांक्षी उम्मेदवारहरूसँग र उम्मेदवारहरू बीच विभिन्न विषयमा खुला छलफल उम्मेदवार छनोट टाइम लाइनको अर्को खुड्किलो हो। यो छलफलमा उम्मेदवारहरूको परिचय आदानप्रदान ,सबैले सबैलाई सहयोग गर्ने प्रतिबद्धता पत्रमा हस्ताक्षर गराउने लगायतका विषयहरू समेटिन्छन। यस चरणमा उम्मेदवारले अन्य आकांक्षी उम्मेदवारसँग वान-टु-वान संवाद गरेर उनीहरूको उम्मेदवारी फिर्ता गराउने विधिसम्मत कोसिस पनि गर्न पाउनेछन् ।

## ५) अन्तिम उम्मेदवार नामावली प्रकाशन

दाबी-विरोध तथा छलफल चरण सम्पन्न भएपछि उम्मेदवारहरूको अन्तिम नामावली प्रकाशन गरिन्छ । अन्तिम उम्मेदवार नामावलीमा नाम भएका उम्मेदवारहरू पार्टीको उम्मेदवार छनोट प्रक्रियामा एक-अर्कासँग प्रतिस्पर्धा गर्नेछन् ।

## ६) लिडरशिप एकेडेमी, पोलिटिकल प्रोक्सिमिटी र समावेशीताको मापन

अन्तिम सूचीमा रहेका उम्मेदवारहरूको नेतृत्व क्षमता, भिजन, संगठनसँगको निष्ठा तथा योगदान, राजनीतिक परिपक्वता, आचरण र समावेशीतासँग सम्बन्धित सूचकहरूलाई तथ्य, प्रमाण र पूर्वनिर्धारित मेट्रिक्सका आधारमा मूल्याङ्कन गरिन्छ । यस चरणले उम्मेदवारको क्षमता र समग्र उपयुक्तताको मापन गर्दछ ।

## ७) प्रारम्भिक निर्वाचन

नेतृत्वका बहुआयामिक पक्षहरूको मापनपछि उम्मेदवारहरू प्रारम्भिक निर्वाचनमा सहभागी हुनेछन् । समानुपातिक निर्वाचन प्रणालीका लागि पार्टीले तय गरेको बन्दसूचीको खाकामा आधारित रहेर प्रारम्भिक निर्वाचन हुनेछ भने पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि सम्बन्धित निर्वाचन क्षेत्रका आधारमा सञ्चालन गरिनेछ। समानुपातिक निर्वाचन प्रणालीभित्र सबै क्लस्टरको एकैपटक वा फरक-फरक समयमा प्रारम्भिक निर्वाचन गरिन सक्छ । त्यस्तै, पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि पनि सबै निर्वाचन क्षेत्रको एकैपटक वा फरक-फरक समयमा प्रारम्भिक निर्वाचन गर्न सकिनेछ ।

## ८) नतिजा प्रकाशन

उम्मेदवार छनोट प्रक्रिया सम्पन्न भएपछि, विभिन्न पक्षहरूबाट प्राप्त स्कोर सङ्कलन गरी अन्तिम नतिजा सार्वजनिक गरिनेछ । उम्मेदवार घोषणा गर्ने दिन नै नतिजासँग सम्बन्धित सम्पूर्ण अवयवहरू सार्वजनिक गरिनेछ । कुन उम्मेदवारले कुन पक्षमा कति अंक प्राप्त गरे भन्ने सार्वजनिकरणले चयन प्रक्रिया पूर्ण रूपमा पारदर्शी, जवाफदेही र विश्वासयोग्य भएको सुनिश्चित गर्ने विश्वास लिइएको छ ।

## उम्मेदवार छनोट समिति

समग्र उम्मेदवार छनोट प्रक्रियाको नेतृत्व र समन्वयका लागि पार्टी पदाधिकारी (सभापति र उपसभापति बाहेक) प्रमुख रहने गरी "उम्मेदवार छनोट समिति" गठन गरिनेछ।

### १. गठन र संरचना

(क) समितिको गठन पार्टी सचिवालयको सिफारिसमा केन्द्रीय समितिले अनुमोदन गरेपछि हुनेछ ।

(ख) उम्मेदवार छनोट समिति गठन गर्दा प्रादेशिक प्रतिनिधित्व र समावेशिता अनिवार्य रूपमा सुनिश्चित गरिनेछ ।

(ग) समितिमा रहने सदस्यहरूको संख्या आवश्यकता अनुसार निर्धारण गरिनेछ ।

### २. कार्यक्षेत्र र सीमांकन

उम्मेदवार छनोट समितिले सम्पूर्ण कार्य उम्मेदवार छनोट प्रक्रियाभित्रै रहेर सञ्चालन गर्नेछ । यो समिति पार्टी सचिवालय तथा केन्द्रीय समिति प्रति उत्तरदायी रहनेछ ।

### ३. उम्मेदवार बन्ने सम्बन्धमा समितिका सदस्यहरूबारे प्रावधान

(क) यस समितिमा रहने व्यक्तिहरूले पनि पार्टीको नियम अनुसार उम्मेदवार छनोट प्रक्रियामा सहभागी हुने अधिकार राख्नेछन् ।

(ख) समितिमा रहेका व्यक्तिहरू उम्मेदवार बन्न चाहेमा, उनीहरूले पनि पार्टीले तोकेको सोही छनोट प्रक्रियामा सहभागी भई प्रतिस्पर्धा गर्नुपर्नेछ । उनीहरू सहभागी हुने उम्मेदवार छनोट प्रक्रियाको सञ्चालन सभापति वा उपसभापतिद्वारा नेतृत्व गरिने छुट्टै समितिले गर्नेछ ।

## यस उम्मेदवार छनोट रूपरेखा भित्र रहेर कार्य गर्नका लागि आवश्यक पर्ने विभिन्न कार्यविधिहरू निर्माण गर्न सकिनेछ ।

**नोट**

**कुल सम्भाव्य उम्मेदवार संख्याको २०% ननाघ्ने गरी उम्मेदवार छनोट वा हेरफेर सम्बन्धी विशेषाधिकार राष्ट्रिय स्वतन्त्र पार्टी केन्द्रीय सचिवालय र केन्द्रिय समितिमा निहित रहनेछ ।**

*पुनश्च: यो जीवन्त दस्तावेज हो । समयक्रममा सिकाइहरूको संश्लेषण गर्दै यसलाई समयानुकूल वैज्ञानिक रूपमा परिमार्जन गर्दै लगिनेछ ।*

धन्यवाद